# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/०९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय एकान्तकुना, सवारी चालक अनुमति पत्र नयाँ दर्ता शाखामा कार्यरत नायव सुब्बा लेखनाथ भुषालले सवारी चालक अनुमति पत्र बनाउनका लागि सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.३२,०००/- (बत्तीस हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई बिगो रु.३२,०००/- (बत्तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन तथा अनुसन्धानको सिलसिलामा पक्राउ परी आएका सोही कार्यालयका शाखा अधिकृत शिवप्रसाद सुवेदी र कम्प्युटर अपरेटर अर्जुनप्रसाद आचार्यले ट्रायल परीक्षामा सहभागी नै नभएका व्यक्तिलाई ट्रायल परीक्षामा उत्तीर्ण भएको देखाई गलत विवरण प्रविष्ट गरी/गराई गलत लिखत तयार गरेको देखिन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता